पाठ ११

# यूहन्ना ११

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

लाजरसको मृत्यु
येशू नै पुनरुत्थान र जीवन
येशू रुनुहुन्छ
लाजरसलाई जीवनमा फर्काइएको
येशूको विरुद्धमा षड्यन्त्र

## लाजरसको मृत्यु

यूहन्ना ११:१-१६ पढ्नुहोस्।

रोग-बिमारमाथि येशूको शक्ति थियो भन्ने कुरा हामीले सिकिसकेका छौं। मृत्युमाथि पनि उहाँको शक्ति थियो भन्ने कुरा अब हामी देख्छौं। आज हामीलाई थाहा छ कि बिरामी मानिस-



हरूलाई औषधी दिएर सहायता पुऱ्याउनका लागि डाक्टरहरूलाई तालिम दिइएको हुन्छ। तर मरेको मानिसलाई कसरी जीवनमा फर्काउनुपर्छ भन्ने बारेमा कसैले कहिल्यै सिकेको छैन। येशू आफैभित्र यो शक्ति छ, किनकि उहाँ परमेश्वर अर्थात् सबै जीवनका कर्ता हुनुहुन्छ।

यरूशलेमबाट करीब दुइ माइल टाढ़ाको बेथनियामा मरियम, मार्था र लाजरस बस्थे। लाजरस बिरामी भएपछि उनका दिदीहरूले येशूकहाँ खबर पठाए। खबर पाउनेबित्तिकै येशू त्यहाँ जानुभएन। उहाँले लाजरसलाई प्रेम नगर्नुभएको हुनाले यसो गर्नुभएको होइन। आफूले गर्न लागेको कुरा थाहा भएर नै येशूले यसो गर्नुभएको हो। उनको रोगबाट उनलाई निको पार्दा मानिसहरूले परमेश्वरलाई जति प्रशंसा गर्थे त्यसभन्दा बढ़ी लाजरसलाई जीवनमा फर्काएर ल्याउँदा परमेश्वरलाई प्रशंसा हुन्छ भन्ने कुरा उहाँलाई थाहा थियो।

आफू बेथानिया जाने कुरा येशूले गर्नुहुँदा उहाँका चेलाहरूले उहाँलाई रोक्ने कोशिश गरे। यरूशलेममा धेरै पल्ट येशूको

जीवन खतरामा परेको थियो र उहाँका चेलाहरू आफ्ना मालिकका खातिर डराएका थिए।

येशूले आफूलाई संसारका ज्योतिका रूपमा बताउनुभयो र भन्नुभयो कि उहाँका पछि लाग्नेहरूले कहिल्यै पनि अँध्यारोमा भौंतारिनुपर्ने छैन।



**तपाईंको अभ्यासको निम्ति**

१ लाजरसका दिदीहरूले येशूलाई डाकिपठाउँदा आफ्ना साथीलाई निको पार्नका लागि किन येशू तुरुन्तै जानुभएन?

**क**. एकजना बिरामीको बारेमा फिक्रीगर्ने समय येशूसँग थिएन।
**ख**. यरूशलेममा जानका लागि येशू डराउनुभएको थियो, किनकि उहाँको जीवन खतरामा थियो।
**ग**. लाजरस मर्छन् भन्ने कुरा येशूलाई थाहा थियो, तर परमेश्वरको शक्तिको प्रकटको निम्ति यो मौका हुने थियो।

२ तपाईंका प्रार्थनाहरूका उत्तरहरू तुरुन्तै नआएको कुरामा के तपाईं कहिल्यै अचम्भित हुनुभएको छ?

.................................................................................

येशूले वास्तै नगर्नुभएको जस्तो के यो देखिन्छ?

.................................................................................

## येशू नै पुनरुत्थान र जीवन

यूहन्ना ११:१७-२७ पढ्नुहोस्



येशू बेथानियामा पुग्नुहुँदा लाजरस मरिसकेका थिए र उनलाई गाडिएको पनि चार दिन भइसकेको थियो। प्रभुलाई भेटनका लागि मार्था दौडेर गइन् र भनिन्, "प्रभु तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन!" येशूले परमेश्वरसँग जे माग्नुहुन्छ सो परमेश्वरले उहाँलाई दिनुहुनेछ भनी तिनले विश्वास गरेको कुरा उहाँलाई बताइन्।

येशूले यस स्त्रीलाई उहाँमाथिको ठूलो विश्वासमा कसरी अगुवाइ गर्नुभयो भन्ने कुरा हामी यहाँ देख्छौं। तिनको भाइ बौरिउठ्नेछ भनी उहाँले तिनलाई सबैभन्दा पहिले भन्नुभयो। यो कुरा मार्थालाई थाहा थियो, तर न्यायको दिनमा सबै मृतकहरूको पुनरुत्थानको दिनमा नै यसो हुनेछ भनी तिनले विचार गरेकी थिइन्।

> "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ" (यूहन्ना ११:२५)।

येशूमा विश्वास गर्नेहरू कहिल्यै आत्मिक रूपमा मर्नेछैनन्। अनि तिनीहरूका शरीरहरू मरे भने तापनि, तिनीहरूको पुनरुत्थानको समय आउँदा तिनीहरू फेरि जीवित हुनेछन्।

येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी आफूले विश्वास गरेको कुरा मार्थाले बताइन्। तब येशूचाहिँ मार्था र अरूहरूसँग लाजरसलाई राखिएको चिहानमा जानुभयो। ती दिनहरूमा मृतकहरूलाई प्रायःजसो गुफाहरू वा ढुङ्गेनी पहाड्का प्वालहरूमा लगेर राखिन्थ्यो। मृत शरीरलाई भित्रपट्टि राखिन्थ्यो र गुफाको मुखलाई ठूलो ढुङ्गाले छोपिन्थ्यो।

---

**तपाईंको अभ्यासको निम्ति**

**३** येशूले मार्थालाई के भन्नुभयो?

**क**. उहाँ पुनरुत्थान र जीवन हुनुहुन्छ।
**ख**. लाजरस अन्तको पुनरुत्थानमा बौरिउठ्नेछन्।
**ग**. पुनरुत्थान भन्ने कुरा नै त्यहाँ छैन।

## येशू रुनुहुन्छ

यूहन्ना ११:२८-३७ पढ्नुहोस्।

हामीसँग समस्याहरू र वेदनाहरू हुँदा हाम्रो वास्ता गर्ने हाम्रो साँचो मित्र येशू हुनुहुन्छ। उहाँ मार्था र मरियम र तिनीहरूका मित्रहरूसँग रुनुभयो तर पछि गएर उहाँले तिनीहरूको विलापलाई आनन्दमा परिणत गर्नुभयो। हामी हाम्रो वेदना उहाँकहाँ लान सक्छौं र सान्त्वना पाउन सक्छौं।

*के येशूले वास्ता गर्नुहुन्छ*

*मूर्र वा भजनको निम्ति अति गहिरो वेदनाले मेरो हृदय भरिंदा,*
*बोझहरूले दबिंदा र फिक्रीले नैराश्य ल्याउँदा*
*अनि मार्ग थकित र लामो बन्दा*
*के येशूले वास्ता गर्नुहुन्छ?*

*पृथ्वीमा भएको मेरो प्रियलाई मैले "म बिदा भएँ" भन्दा, तोडिने गरी मेरो दुःखित हृदय छट्पटिंदा*
*के उहाँले अनुभव गर्नुहुन्छ? के उहाँले देख्नुहुन्छ?*

*हो, उहाँले वास्ता गर्नुहुन्छ, मलाई थाहा छ, उहाँले वास्ता गर्नुहुन्छ, मेरो वेदनाले उहाँको हृदयलाई छोएको छ।*

*दिनहरू थकित हुँदा,*
*लामो रात भययुक्त हुँदा,*
*मलाई थाहा छ मेरा मुक्तिदाताले वास्ता गर्नुहुन्छ*

फ्रान्क ई.ग्राफ

४ लाजरसलाई गाडिएको कति दिन भएको थियो?

..........................................................................

५ यूहन्ना ११:२५ कण्ठ गर्नुहोस्।

६ २७ पद पढ्नुहोस् र तलका खाली ठाउँहरूमा भर्नुहोस्। हो ..........................., म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने ................................ हुनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

७ आफ्नो वेदनाको निम्ति येशूको सान्त्वनाको आवश्यकता पर्ने प्रत्येक व्यक्ति जसलाई तपाईं चिन्नुहुन्छ उनको निम्ति प्रार्थना गर्नुहोस्।

## लाजरसलाई जीवनमा फर्काइएको

यूहन्ना ११:३८-४४

येशूले के गर्नुहुन्छ त? नजीक उभिएकाहरू सबै जना दङ्ग परिरहेका थिए। सबैभन्दा पहिला, येशूले प्रार्थना गर्नुभयो, आफ्नो प्रार्थना सुन्नुभएको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनुभयो। त्यसपछि "लाजरस बाहिर निस्की आऊ" भनी उहाँले आज्ञा गर्नुभयो। मृतक मानिसले येशूको आवाज सुन्यो र मृत्युबाट जीवनमा फर्किआयो।



सबै मृतकहरूलाई तिनीहरूका चिहानबाट बाहिर आउनका निम्ति येशूले बोलाउनुहुने समयको यसले चित्रण गर्छ। पुनरुत्थानलाई दुइ भागमा बाँडिएको छ। उद्धार पाएकाहरू पहिले बौरिउठ्नेछन्। पछि गएर अविश्वासीहरूलाई पनि जीवनमा फर्काइनेछ र तिनीहरूका पापका निम्ति न्याय गरिनेछ।

> "समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्ः सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति" (यूहन्ना ५:२८-२९)।

> "किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। तर हरेक आ-आफ्नै क्रमअनुसार ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू" (१ कोरिन्थी १५:२२-२३)।

> "अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्" (प्रकाश २०:५)।

### तपाईंको अभ्यासको निम्ति

८ लाजरसको बारेमा येशूले के गर्नुभयो?

क. लाजरसको मृत्युको निम्ति उहाँ रुनुभयो र उहाँले गर्न सक्ने त्यत्ति मात्र थियो।

ख. लाजरसलाई चिहानबाट बाहिर आउनका लागि उहाँले आज्ञा गर्नुभयो र लाजरस जीवनमा फर्किआए।

ग. अन्तिम पुनरुत्थानमा तिनीहरूको भाइ बौरिउठ्नेछ भनी येशूले मरियम र मार्थालाई सान्त्वना दिनुभयो।

९ के मरेका सबै मानिसहरू मृत्युबाट बौरिउठ्नेछन्?

क. सबै मानिसहरू मृत्युबाट बौरिउठ्नेछैनन्– असल मानिसहरू मात्र बौरिउठ्नेछन्।

ख. सबै मानिसहरू मृत्युबाट बौरिउठ्नेछैनन्– नरकमा जाने खराब मानिसहरू मात्र बौरिउठ्नेछन्।

ग. हो, सबै मानिसहरू मृत्युबाट बौरिउठ्नेछन्। असलहरूचाहिँ जीवनका निम्ति बौरिउठ्नेछन्, र खराबहरूचाहिँ दण्डका लागि बौरिउठ्नेछन्।

## येशूको विरुद्धमा षड्यन्त्र

लाजरस मृतकबाट बौरिउठेका आश्चर्यकर्मको बारेमा धार्मिक अगुवाहरूलाई बताइयो। पुनरुत्थान हुन्छ भन्ने कुरामा कोही-कोही अगुवाहरूले त विश्वास नै गरेनन्। रोमी सरकारबाट आफूमाथि समस्या आउँछ भनी सबै अगुवाहरू डराए र येशूलाई मार्नुपर्छ भन्ने कुरामा तिनीहरू सबै सहमत भए। समस्त राष्ट्र नष्ट

हुनुभन्दा बरु एक जना मानिस मर्नुमा नै कल्याण छ भनी प्रधान पूजाहारी कैयाफाले भनेका थिए।

## तपाईंको अभ्यासको निम्ति

१० लाजरसको पुनरुत्थानको बारेमा अगुवाहरूले के विचार गरेका थिए?

**क**. तिनीहरूले परमेश्वरको प्रशंसा गरे।
**ख**. येशू मर्नैपर्छ भनी तिनीहरूले निर्णय गरे।
**ग**. तिनीहरूले लाजरस मरेका थिए भन्ने विश्वास गरेनन्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ग) लाजरस मर्छन् भन्ने कुरा येशूलाई थाहा थियो, तर परमेश्वरको शक्ति प्रकटको निम्ति यो मौका हुने थियो।

८ ख) लाजरसलाई चिहानबाट बाहिर आउनका लागि उहाँले आज्ञा गर्नुभयो र लाजरस जीवनमा फर्किआए।

३ क) उहाँ पुनरुत्थान र जीवन हुनुहुन्छ।

६ ग) हो, सबै मानिसहरू मृत्युबाट बौरिउठ्नेछन्। असलहरू-चाहिँ जीवनका निम्ति र खराबहरूचाहिँ दण्डका लागि बौरिउठ्नेछन्।

४ चार दिन।

१० ख) येशू मर्नैपर्छ भनी तिनीहरूले निर्णय गरे।

६ प्रभु, ख्रीष्ट, परमेश्वरका पुत्र।